दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १४७ | बुटवल | २०८२ जेठ १०, गते शनिबार | नेपाल संवत ११४५ | Saturday May.24, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## राजतन्त्र फर्कन सक्दैन : प्रधानमन्त्री



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले जनताले मुन्ट्याएर फालिसकेको राजतन्त्र फर्कन नसक्ने बताएका छन् ।

नेकपा (एमाले) निकट युवा संघ नेपालको पोखरामा शुक्रबार सम्बोधन गर्दै ओलीले राजतन्त्र फर्कने सपना कहिल्यै पूरा नहुने बताएका हुन् ।

राजावादी पार्टी र संघसंस्थाहरूले १५ जेठदेखि गर्ने भनेको आन्दोलनलाई कटाक्ष गर्दै उनले राजतन्त्रलाई आफूहरूले समातेर मुन्ट्याएर फालिदिएको टिप्पणी गरे ।

१५ जेठमा राजालाई सिंहासनमा राख्ने भन्दै राजावादीहरूले गरेको प्रचारप्रति पनि कटाक्ष गर्दै राजावादीहरुले आफ्नै घरमा सिंहासन बनाएर राखे हुने बताए । प्रधानमन्त्री ओलीले राजा ल्याउने भ्रममा नपर्न आग्रह गरे । कुनै प्रकारका जनविरोधी र देशद्रोही क्रियाकलापको चेष्टा भयो भने त्यसलाई जनताले धुलो चटाउने ओलीले बताए ।

## गभर्नर पौडेलविरुद्ध मुद्दा



बुटवल । योग्यता नपुगेको व्यक्तिलाई गभर्नर नियुक्त गरेको भन्दै सर्वोच्च अदालतमामा रिट निवेदन पेस भएको छ ।

विश्वनाथ पौडेल योग्यता नभएको र नियुक्ति बदर भएको माग राख्दै सरकार र छनोट समितिलाई विपक्षी बनाएर रिट निवेदन पेस भएको हो ।

अधिवक्ताहरू अनन्तराज लुईंटेल, प्रतिभा उप्रेती र विशाल थापाले ऐनको विरुद्धमा राजनीतिक स्वार्थको व्यक्तिलाई गैरकानुनी रुपमा नियुक्त गरिएको दाबीसहित रिट पेस गरेका हुन् ।

उक्त रिट निवेदन दर्ताको प्रक्रियाका लागि छलफलमा छ । यसअघि गत ६ जेठमा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. विश्वनाथ पौडेललाई मन्त्रिपरिषद् बैठकले गभर्नर नियुक्त गरेको थियो ।

# नवलपरासीका सात पालिकाको बेरूजू ३२ करोड

### जिल्लामा सबैभन्दा बढी बेरूजू सुनवल नगरपालिकाको र कम सरावल गाउँपालिकाको छ ।




**लुम्बिनी संवाददाता**

*परासी*

पश्चिम नवलपरासीका सात स्थानीय तहमा एक वर्षमै ३१ करोड ९२ लाख ४० हजार रुपैयाँ बेरुजु देखिएको छ । महालेखा परीक्षकको कार्यालयको ६२औं प्रतिवेदनले उक्त बेरुजु देखाएको हो । बेरुजको चाङ भए पनि पश्चिम नवलपरासीका स्थानीय तहले नियन्त्रणमा चासो देखाएका छैनन् ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०-०८१ को वार्षिक लेखा परीक्षणमा जिल्लामा सबैभन्दा बढी बेरुजु सुनवल नगरपालिकाको छ । सुनवलमा २ अर्ब १ करोड ३१ लाख ७१ हजारको लेखा परीक्षण गर्दा १० करोड ८३ लाख ९२ हजार रुपैयाँ बेरुजु देखिएको छ । यो कुल बजेटको ५ दशमलव ३८ प्रतिशत हुन आउने महालेखा परीक्षण कार्यालयको प्रतिवेदनमा उल्लेख छ ।

आर्थिक वर्ष २०७९/०८० मा सुनवलमा २ करोड ३१ लाख रुपैयाँ मात्र बेरुजु थियो । महालेखाको प्रतिवेदनमा बेरुजु बढ्नुमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ को उपदफा ८ मा नगर प्रहरी, कार्यालय सहयोगी, सवारी चालक, प्लम्बर, बगैचे, इलेक्ट्रिसियन र सयशबाहेक अन्य कर्मचारी करारमा भर्ना गर्न नपाइने भए पनि ऐन विपरीत अधिकृतस्तरका २ जना, सहायकस्तर पाँचौ र चौथो तहका ११ जना कर्मचारी भर्ना गरेको उल्लेख छ ।

उनीहरूलाई ५६ लाख ९९ हजार ५ सय २२ रुपैयाँ तलब भत्तामा खर्च भएकाले अनियमित बेरुजुमा उल्लेख छ । यसै गरेर कार्यविधि र ई-हाजिरी बिना नै प्रोत्साहन भत्ता प्रदान गरेकोमा सैद्धान्तिक बेरुजु उल्लेख छ । यसै गरेर सुस्ता गाउँपालिकाले २०७९-८० सालसम्म पालिकामा व्यवसाय कर नै सङ्कलन नगरेको र व्यवसायको अभिलेखीकरण पनि नगरेको भन्दै सैद्धान्तिक बेरुजु औंल्याइएको छ ।

सरावल गाउँपालिकामा आर्थिक वर्ष २०८०-८१ मा १ करोड ९० लाख ३३ हजार बेरुजु देखिएको छ । गत वर्ष १ करोड ४३ लाख बेरुजु रहेको थियो । गत वर्षभन्दा बढेको भए पनि जिल्लामा सबैभन्दा कम छ ।

बर्दघाट नगरपालिकाको ३ करोड २९ लाख ५५ हजार बेरुजु छ । सुस्ता गाउँपालिकाको बेरुजु १ करोड ८१ लाख ७० हजार बेरुजु रहेको छ ।

रामग्राम नगरपालिकाको ४ करोड ४२ लाख २२ हजार बेरुजु देखिएको छ । प्रतापपुर गाउँपालिकाको बेरुजु ५ करोड ४१ लाख र पाल्हिनन्दन गाउँपालिकाले ४ करोड २३ लाख ६८ बेरुजु महालेखाको प्रतिवेदनमा उल्लेख छ । महालेखाले दिएका सुझाव र निर्देशनको कार्यान्वयनमा जनप्रतिनिधि र कर्मचारीले ध्यान नदिँदा बेरुजु आउन रोकिएको छैन ।

# किनेको सात वर्षमा पनि पाएनन् घिमिरेले घर





भैरहवा । रुपन्देहीको तिलोत्तमा नगरपालिका-५ निवासी पशुपती घिमिरेले आफूले करोडौं खर्चेर किनेको घरमा अरुले रजगज गरेको भन्दै घर खाली गराउन सहयोग गर्न सरकारसँग आग्रह गरेका छन् । उनले गृहमन्त्री रमेश लेखकलाई 'मैले कहिले न्याय पाउने ?' भनेर प्रश्न समेत गरेका छन् । अड्डा अदालत र प्रहरी-प्रशासन, स्थानीय तह धाउँदा समेत आफूले खरिद गरेको घर खाली नभएको उनको गुनासो छ ।

बिगत आठ वर्षदेखि आफ्नो स्वामित्वको सम्पत्तिको भोगचलन गर्नदेखि वञ्चित रहेको र भोगचलन गर्ने प्रयास गर्दा आफू असुरक्षित रहेको गुनासो घिमिरेको छ । शुक्रबार भैरहवामा पत्रकार सम्मेलन गरी घिमिरेले न्याय खोज्दा आफू उल्टै पीडकबाट प्रताडित हुन पुगेको बताए । आफ्नो पक्षमा तीनै तहका अदालतको फैसला तथा निर्णयको कार्यान्वयन हुन नसकेको र विभिन्न समूहको नामबाट आफूमाथि भौतिक आक्रमण तथा ज्यान मार्नेसम्मको धम्की आउने गरेको उनले सुनाए ।

उनका अनुसार रुपन्देहीको तिलोत्तमा नपा-३, शंकरनगरस्थित पौने १७ धुरमा बनेको घर उनले आफ्नी श्रीमतीको नाममा आठ वर्षअघि खरिद गरेका थिए । तर, अहिलेसम्म भोगचलन गर्नदेखि उनी वञ्चित भएका छन् । बैंकको लिलामीमा रहेको उक्त घर उनले २०७४ असार १६ गते श्रीमती राधादेवी पौडेल घिमिरेको नाममा खरिद गरेका थिए । घरधनी तिलोत्तमा-३, शंकरनगर निवासी विमलाकुमारी श्रेष्ठसँग किनेर मालपोत कार्यालयबाट रजिष्ट्रेशन पास गरिएको थियो । घिमिरेका अनुसार ५ करोड ४ लाखमा घर खरिद गरिएको थियो ।

घर खरिद गर्दा श्रेष्ठको बैंकमा घर धितो रहेको र आफूले तिर्न नसकेको भनेपछि ऋण सकारेर बाँकी रकम श्रेष्ठलाई बुझाई खरिद गरेको घिमिरेको भनाइ छ । घर किने लगत्तै घरधनी श्रेष्ठले विभिन्न समस्या देखाउँदै ४२ महिनापछि खाली गरिदिने भनेर सहमती गरेको र त्यसपछि पनि कोभिडलगायतका समस्सा देखाउँदै ०७९ मंसिरसम्ममा घर खाली गरिदिने सहमती भएको घिमिरले बताए । घर खाली गरिदिने भनेको अवधिमा घरधनी विमलाको श्रीमान दुर्गानारायण श्रेष्ठले उल्टै आफूमाथि जालसाजीमा र बिक्री गरेको घर बदर हुनु पर्ने माग गर्दै अदालतमा मुद्दा दायर गरको उनले बताए । 'ती दुवै मुद्दा रुपन्देही जिल्ला अदालत र उच्च अदालत, तुलसीपुर बुटवल इजलासबाट फैसला भएका छन्, फैसलामा मैले खरिद गरेको कानुन सम्मत भनिएको छ', उनले भने-'यति गर्दा विमलाजीले घर छाड्न मान्नु भएन ।'

यसपछि उच्चको फैसला बदर माग गर्दै विमलाको परिवार सर्वोच्च अदालत गएका थिए । सर्वोच्चले उच्चको फैसला सही भएको भन्दै निस्सा नदिएपछि घिमिरेको परिवारले तीन तहबाट मुद्दा जितिसकेको छ । २०८० जेठ १४ गते जिल्ला अदालत रुपन्देहीका तत्कालीन न्यायाधीश उमेश कोइरालाको इजलासले श्रेष्ठ परिवारको दाबी नपुग्ने भन्दै घिमिरेको पक्षमा फैसला गरेको थियो ।


» बाँकी ३ पेजमा





दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ जेठ १०, गते शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

दूबोको एक सुइरो पात म
धरतीको काखीमा उम्रेको एउटा रौं
धरतीको काखी मलाई मीठो गन्हाउँछ।

– मनप्रसाद सुब्बा

पुस्तक अंश

# धनको 'स्थानान्तरण' कि 'सिर्जना' ?

मनिकर कार्की

सन् १९४५ मा दोस्रो विश्वयुद्धको अन्त्यसँगै विश्व दुई ध्रुवमा बाँडियो। त्यसयताका केही दसकहरू आर्थिक पुनरूत्थानका हिसाबले निकै महत्वपूर्ण रहन गए। दुई खेमामा विभाजित विश्वका नेतृत्वकर्ता मुलुकहरू मूलतः अमेरिका र तत्कालीन सोभियत संघले फरक वैचारिकीमा आधारित आर्थिक मोडेलसँगै आर्थिक विकासको नेतृत्व गरेका थिए। ती मुलुकहरूले खासगरी गरिब एवम् विपन्न देशहरूलाई त्यहाँको आर्थिक, भौतिक र सामाजिक विकासका लागि भन्दै आर्थिक एवम् प्राविधिक सहायता दिन सुरु गरेको थिए।

ठीक त्यसैबेला दुई खेमाबिच शीतयुद्ध जारी थियो। शीत युद्धसँगै क्षेत्रीय आर्थिक असन्तुलन र वित्तीय सङ्कटको अवस्था बढ्दै गएको थियो। त्यही सङ्कट समाधानको उपायस्वरूप सन् १९७७ को अन्त्यतिर आर्थिक एवम् सामाजिक विषमताका कारण र समाधानको खोजीका लागि एक आयोग गठन गरियो। निरपेक्ष गरिबीविरुद्ध सामूहिक प्रहार लक्षित गर्ने उद्देश्यसहित विकसित एवम् विकासशील मुलुकहरूको संयुक्त प्रयत्नस्वरूप एक स्वतन्त्र आयोग बनेको थियो। तत्कालीन सङ्घीय गणतन्त्र जर्मनीका पूर्वराष्ट्रपति विली ब्रान्टको अध्यक्षतामागठन भएको 'अन्तर्राष्ट्रिय विकासका लागि स्वतन्त्र आयोग (इन्डिपेन्डेन्ट कमिसनअन इन्टरनेसनल डेभलपमेन्ट इस्युज)' ब्रान्ट आयोग (ब्रान्ट कमिसन) को रूपमा चर्चित बन्न पुग्यो।

सो आयोगले २ वर्ष अध्ययन गरेर एक प्रतिवेदन तयार गर्दै विश्वको आर्थिक स्वास्थ्यमा असर पार्ने विभिन्न सवालहरूको उठान गयो। सन् १९८१ मा संयुक्त राज्य अन्तर्राष्ट्रिय विकास साझेदारी नियोगले तयार गरेको प्रतिवेदनमा उल्लेख भएअनुसार ब्रान्ट कमिसनले निम्नानुसारका पाँच बुँदामा मुख्य सुझाव तयार पारेको थियो भने सोको कार्यान्वयनका लागि चार सङ्कटकालीन कार्यक्रम प्रस्ताव गरेको थियो। ती सुझावहरू हुन्-

१. विकासको गतिलाई बढाउन उत्तरी र दक्षिणी क्षेत्रका सरकारहरूले आपसी हितमा काम गर्नुपर्छ।

२. विकासलाई गति दिने विकासशील मुलुकहरूको निजी प्रमुख जिम्मेवारी हो। त्यसका लागि उत्तर/दक्षिण र कम्युनिस्ट खेमाले वैश्विक आर्थिक प्रणालीको विकासको प्रवर्धन र परिवर्तनको व्यवस्थापन गर्ने साझा जिम्मेवारी बहन गर्नुपर्छ।

३. विश्वको आर्थिक विकासका लागि ठूलो पैमानामा स्रोत साधनको स्थानान्तरण आवश्यक छ। त्यसका लागि बृहत् दाता मुलुकहरूबाट विकास सहायताका लागि स्वतः वित्तीय स्रोत प्रवाह गर्ने व्यवस्था हुनुपर्छ।

४. अन्तर्राष्ट्रिय आर्थिक प्रणालीमा विकासशील मुलुकहरूको आवाज बुलन्द पार्ने अभ्यास हुनुपर्छ।

५. सन् १९८० को दशकमा दूरगामी नीति र अन्तर्राष्ट्रिय सुधारहरूको प्रयत्न हुँदै गर्दा आगामी पाँच वर्षमा आउन सक्ने गम्भीर आर्थिक सङ्कटको खतरासँग जुध्न सङ्कटकालीन उपायहरू अवलम्बन गर्नु जरुरी छ।

यी कार्यक्रमहरू लागू गर्दा आउन सक्ने आर्थिक सङ्कटसँग जुध्न कमिसनले पाँच वर्ष (सन् १९८०-८५) का लागि चार वटा सङ्कटकालीन कार्यक्रम प्रस्ताव गरेको थियो। ती कार्यक्रमहरू हुन् १. अन्तर्राष्ट्रिय ऊर्जा रणनीति २. विश्व खाद्य कार्यक्रम ३. ठूलो पैमानामा स्रोत साधनको स्थानान्तरण ४. अन्तर्राष्ट्रिय आर्थिक प्रणालीमा केही मुख्य सुधारहरू। अन्तर्राष्ट्रिय आर्थिक विकासमा साझेदारी गर्ने लक्ष्य राखेर गठन गरिएको उक्त आयोग नै नवउदारवादको संस्थागत विकासको पहिलो कडी थियो।

'विकास सहायता' बाँड्ने कामले तीव्रता पायो। विश्वको आर्थिक सुधारका लागि त्यसयता अल्पविकसित तथा अविकसित मुलुकहरूमा सम्पन्न र धनी देशबाट भन्दै विकसित मुलुकबाट अल्पविकसित मुलुकमा वित्तीय स्रोतको स्थानान्तरणलाई जोड दिइयो। तर, प्रतिवेदनले अल्पविकसित मुलुकमा आर्थिक अवसरको सिर्जना गर्ने कुरालाई भने ध्यान दिएको थिएन। त्यसैले कतिपय विकास अर्थशास्त्रीहरूले त्यति बेलै सो प्रतिवेदनले औंल्याएको सुझावप्रति असन्तुष्टि जनाएका थिए। सोही क्रममा भारतीय मूलका अमेरिकी विकास अर्थशास्त्री दीपक लालले प्रतिवेदनको समालोचनात्मक मूल्याङ्कन गर्दै पुस्तक लेखे। सन् १९८३ मा प्रकाशित उनको पुस्तक द पोभर्टी अफ डेभलपमेन्ट इकोनोमिक्सले तेस्रो विश्वको आर्थिक विकासमा विकसित मुलुकका नेतृत्वको सोच प्रभावी बन्न पुगेको उल्लेख गरेका थिए।

उक्त पुस्तकमा भूमिका लेख्दै अर्थशास्त्री मार्टिन वासेलले ब्रान्ट रिपोर्टमा विकासशील मुलुकमा कसरी 'धनको सिर्जना गर्ने भन्दा पनि कसरी धनको स्थानान्तरण' गर्ने भन्ने विषयलाई केन्द्रमा राखेका कारण त्यसको व्यापक आलोचना भएको उल्लेख गरेका थिए। किनकि, विकास अर्थशास्त्रीहरूको तर्क थियो; धनको स्थानान्तरणले होइन, किन्तु धनको सिर्जनाले मात्रै तेस्रो विश्वको विकास सम्भव हुनेछ। त्यहाँको गरिबी र बेरोजगारीको समस्या समाधान हुनेछ। वासेलले भूमिकामा स्पष्ट पार्दै भनेका छन्-

"ब्रान्ट रिपोर्टमा औंल्याइएको समस्या र समाधानका उपायले केवल विकसित मुलुकबाट वित्तीय स्रोत साधन अन्य अल्पविकसित/विकासशील देशहरूमा कसरी स्थानान्तरण गर्ने भन्ने कुरा र विश्व अर्थतन्त्रमा सामूहिक नियमनको विषयलाई मात्र जोड दिएको छ।"

अर्थशास्त्री लालले १९औं शताब्दीको 'स्वतन्त्र व्यापार' को अवधारणा तेस्रो विश्वका लागि 'असान्दर्भिक भएको जनाउँदै विकासका लागि 'अन्तर्राष्ट्रिय व्यापार एवम् भुक्तानी प्रणाली माथि सरकारको हस्तक्षेप जरुरी हुने तर्क गरेका थिए। त्यसैले उनले उदारवादी अहस्तक्षेपकारी अर्थतन्त्र (लेसेज फेयर इकोनोमी) को विकल्पको रूपमा नियमनकारी अर्थात् केही हदसम्म हस्तक्षेपकारी अर्थतन्त्र (डिरिगिजम)' लाई विकल्पको रूपमा ग्रहण गर्न सकिने बताए। तथापि यो वैकल्पिक अर्थतन्त्र पनि असफल हुन सक्ने सम्भावनालाई भने नकार्न नसकिनेउनको निष्कर्ष थियो।




लालले बजारको असफलता (मार्केट फेलियर), नियमनमुखी अर्थतन्त्रमा कर्मचारीतन्त्रको असफलता (ब्युरोक्रेटिक फेलियर) को रूपमा प्रतिबिम्बित हुन सक्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने कुरामा जोड दिँदै लेखेका छन्–

"त्यस्तो कुनै स्थापित नियम छैन कि अपूर्ण प्रतिस्पर्धी बजार अर्थतन्त्रमा नियमनकारी नीति (डिरिगिस्ट पोलिसी) ले कल्याणकारी नतिजा दिनेछ। कतिपय अवस्थामा त त्यसले स्वतन्त्र अहस्तक्षेपकारी नीतिले दिनेभन्दा खराब नतिजा पनि दिन सक्छ। तथापि विकासशील मुलुकको हकमा हस्तक्षेपकारी सिद्धान्त (डिरिगिस्ट डोग्मा) लागू गर्ने सवालमा त्यसका केही पक्ष भने फाइदाजनक दखिन्छन्।...जसले विकासशील मुलुकहरूका लागि बौद्धिक स्पष्टतासहित पूर्णता र एन्टिडोट प्रदान गर्ने गर्दछ।"

यी विषयवस्तुहरूलाई यहाँ उद्धधृत गर्न खोज्नुको तात्पर्य अल्पविकसित एवम् अविकसित मुलुकहरूमा विकासको भाष्यको उद्भव कसरी भयो भन्ने कुरालाई दर्साउनु हो। अर्थशास्त्री लालले भनेजस्तै विकासको परिभाषामा विकसित मुलुकहरूको दृष्टिकोण हाबी भएको यथार्थलाई नकार्न सकिँदैन। आखिर के हो विकास ? यसै प्रश्नको वरिपरि रहेर विकासको बृहत् भाष्य र यसले नागरिकको जीवनलाई कसरी जोडेको हुन्छ र जोड्नुपर्छ भन्ने विषयलाई अबको अध्यायमा चर्चा गरिनेछ।

विकास परिवर्तनको बहुआयामिक अर्थबोध गर्ने पदावली हो। संरक्षणविद् डा. हर्क गुरुङले 'विकास' लाई सकारात्मक एवम् अपेक्षित दिशातर्फको परिवर्तनको प्रक्रियाको रूपमा व्याख्या गरेका थिए। डा. गुरुङले आफ्नो पुस्तक विषय विविधमा उद्धृत गरेअनुसार आर्थिक वृद्धिले अर्थतन्त्रको आकार र सङ्ख्यात्मक वृद्धिको अवस्थालाई जनाउँछ। जसमा संरचनागत परिवर्तन नहुन पनि सक्छ। तर, समग्र विकासले भने आर्थिक एवम् सामाजिक परिवर्तनको एकीकृत भाव बोकेको हुन्छ। यसले संरचनाको ढाँचालाई समेत फेरबदल गर्ने परिकल्पना गरेको हुन्छ। विकाससम्बन्धी डा. गुरुङको परिभाषा छ–

"यो अपेक्षित दिशातर्फको परिवर्तनको प्रक्रिया हो, जसको प्राप्तिका लागि भिन्न साधन र जुक्ति हुन सक्दछन्। योजनाबद्ध विकासको थालनीको सुरु अवस्थामा विकासलाई आर्थिक प्रगतिको समानान्तर रूपमा लिइन्थ्यो अथवा उत्पादन र खपतको वृद्धिलाई विकास ठानिन्थ्यो। सन् १९६० को दशकयता विकास र वृद्धिलाई बेग्लाबेग्लै प्रवृत्ति भनेर पहिचान गरियो।"

आर्थिक वृद्धि समग्र विकासको एउटा पक्ष मात्रै हो। किनकि, विकास आर्थिक-सामाजिक रूपान्तरणको बहुआयामिक प्रक्रिया हो। यसले मूलतः भौतिक परिवर्तनका साथै व्यक्तिको गुणस्तरीय जीवनयापन र मानवीय विकासका विभिन्न पक्षहरूलाई जोड दिएको हुन्छ। नागरिक अगुवा एवम् विकासशास्त्री डा. देवेन्द्रराज पाण्डेले विकासले व्यक्तिको आधारभूत आवश्यकता परिपूर्ति गर्नुका साथै व्यक्तिको जीवनस्तर उकास्ने र सामाजिक सम्बन्धलाई उच्च तहमा स्थापित गर्ने बताएकाछन्।

विकासले राज्यको धन, व्यक्तिको सिर्जनशीलता, उद्यमशीलता र स्रोतको प्रभावकारी उपयोगको दक्षता अभिवृद्धि गर्दै मानवीय विकासको निरन्तर प्रक्रियालाई सम्बोधन गर्ने बताउँदै नेपालको विकासबारे लेखिएको आफ्नो महत्त्वपूर्ण पुस्तक नेपाल्स फेल्ड डेभलपमेन्टमा उनले लेखेका छन्-

"विकास परिवर्तनको निरन्तर चल्ने प्रक्रिया हो। यसले मानवीय अवस्थाको निरन्तर सुधारमा जोड दिएको हुन्छ। विकासले राज्यको स्रोत साधनको दिगो वृद्धिलाई अँगालेको हुन्छ। त्यसका लागि उत्पादनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। साथै उत्पादन प्रक्रियामा उत्पादनशील कर्म, सिर्जनशीलता, उद्यमशीलता तथा स्रोत साधनको प्रभावकारी उपयोग गर्ने दक्षतालाई अभिव्यक्त गर्ने सांस्कृतिक पद्धतिको विकासलाई अङ्गीकार गरेको हुन्छ।"

निश्चय नै विकासको मार्ग समाज र समुदायको परिवेश र संस्कृति सुहाउँदो ढङ्गले खनिएको हुन्छ। समाजशास्त्री चैतन्य मिश्रका अनुसार विकासमा प्राविधिक, आर्थिक, सांस्कृतिक एवम् राजनीतिक प्रक्रिया परस्पर मिसिएको हुन्छ। विकास वास्तवमा जनतालाई सङ्गठित गर्ने, सामूहिक हित प्रवर्द्धनबारे पैरवी गर्ने र सार्वजनिक नीति निर्माण गर्ने बृहत् राजनीतिक प्रक्रिया पनि हो। त्यसैले विकासलाई राजनीतिबाट अलग गर्न सकिँदैन। तथापि सार्वजनिक विकासका कार्यक्रमलाई दलीय दृष्टिकोणसँग जोड्नु हुँदैन भन्ने मान्यता भने गलत होइन।

अतः विकासको एउटै सर्वमान्य सङ्कथन नहुन पनि सक्दछ। तर, हामीले हाम्रो विशिष्टताअनुरूपको विकासको सङ्कथन निर्माण गर्नै सकेनौं। हाम्रो विकास के हो ? हामीले चाहेको उन्नति कस्तो हो ? हामीले खोजेको प्रगति कसका लागि हो ? यी आधारभूत प्रश्नहरू भने ऐतिहासिक कालदेखि नै अनुत्तरित छन्। निःसन्देह विकासले मान्छेलाई चिन्नुपर्छ। अर्थात्, मानवीय सक्षमताको विकास नै समग्रतामा मुलुकको विकास हो।

विकास अर्थशास्त्रीहरूले मानवीय ज्ञानलाई नै विकासको आधार मान्ने गरेका छन्। हङकङस्थित सुई यन विश्वविद्यालयका प्राध्यापक फुलाई टोनी युले आफ्नो पुस्तक 'न्यू प्रस्पेक्टिभ्स अन इकोनोमिक डेभलपमेन्ट : अ ह्युमन एजेन्सी एप्रोच'मा मानवीय ज्ञान र उद्यमशीलतालाई विकासको महत्त्वपूर्ण आधारको रूपमा व्याख्या गरेका छन्। स्रोत साधनको प्रभावकारी उपयोग गर्ने मानवीय सक्षमताले विकासको स्तर मापन गर्दछ। यसर्थ विकास एक गतिशील प्रक्रिया हो। यसले कुनै पनि एकाइका आर्थिक, भौतिक, वातावरणीय तथा सामाजिक अवयवहरूलाई परिवर्तन गरिदिन्छ।

जब हामी आर्थिक विकासको कुरा गर्छौं, त्यसले प्रचुर मात्रामा उत्पादन रआर्थिक वृद्धिदर बढेको अवस्थालाई जनाउँछ। कोरियाली अर्थशास्त्री योङलोव चुङले साउथ 'कोरिया इन द फास्ट लेन' नामक पुस्तकमा कोरियाले २०औं शताब्दीको दोस्रो अर्धशतक वर्षमा कसरी आर्थिक विकास र उन्नतिको यात्रा तय गऱ्यो भन्ने विषयमा विस्तृत अध्ययन र विवेचना गरेका छन्। चुङले विकासलाई मानव जीवनको एक बहुआयामिक प्रक्रियाको रूपमा व्याख्या गर्दै त्यसका लागि पूर्वाधारको विकास अपरिहार्य हुने तर्क गरेका छन्। उनले लेखेका छन्–"आर्थिक विकास एक जटिल र बहुपक्षीय प्रक्रिया हो। यसले मानव जीवनको समग्र पक्षसँग सम्बन्धित आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक एवम् प्राविधिक वातावरणलाई समेटेको हुन्छ। आर्थिक विकासको प्रक्रियाले पूर्वाधारको विकासका लागि आवश्यक पुँजीको माग गर्दछ। त्यसैले यसका लागि पुँजीका साथै प्राविधिमा आउने परिवर्तनसमेत अपरिहार्य आवश्यकता हुन्छ।"

विकासलाई परिभाषित गर्ने विभिन्न आयामहरू हुन्छन्। त्यसलाई राजनीतिले आकार दिएको हुन्छ। तर, हाम्रो देशमा विकास र राजनीतिमा विवाद हुने गरेको छ। अक्सर 'विकासमा राजनीति नगरौं' भन्ने अभिव्यक्ति पनि सुनिन्छ। विकास र राजनीतिलाई अलग अलग विषयवस्तुको रूपमा हेर्नुपर्ने तर्क पनि सुनिन्छ। यथार्थ यो हो कि विकासलाई राजनीतिबाट अलग गर्न सकिँदैन। यसै सन्दर्भमा समाजशास्त्री चैतन्य मिश्रको तर्क छ-

"...वास्तवमा विशुद्ध आर्थिक क्षेत्र हुँदैन। आर्थिकभित्र राजनीतिक पाटो पनि हुन्छ राजनीतिक पक्षभित्र पनि आर्थिक आयाम हुन्छ।...विकासमा राजनीति गर्नु हुँदैन भन्ने प्रश्नबारे स्पष्ट हुन राजनीति, राजनीतीकरण र दलीयकरणबारे मनन गर्नु जरुरी छ। विकासअन्तर्गत खास राजनीतिक प्रक्रियामार्फत निर्णय लिने काम गरिन्छ। जनता कसरी सक्रिय हुन्छन्, जनतालाई के फाइदा हुन्छ, उनीहरू कसरी सङ्गठित हुन्छन्, जनसमुदायलाई कसरी सङ्गठित गर्ने, उनीहरूको सहभागिता कसरी सुनिश्चित गर्ने भन्ने तमाम पाटाहरू विकाससँग सम्बन्धित र राजनीतिक पक्ष नै हुन्।"

अतः विकास बृहत्तर सामाजिक परिवर्तन र मान्छेको स्वतन्त्रतालाई समेट्ने एक गतिशील अर्थ-राजनीतिक एवम् सामाजिक प्रक्रिया हो, जुन राजनीतिबाट अछुतो रहन सक्दैन। यसै सवालमा नोबेल पुरस्कार विजेता भारतीय मूलका अर्थशास्त्री अमर्त्य सेनले डेभलपमेन्ट एज फ्रिडम नामक पुस्तकमा विकासलाई मान्छेको स्वतन्त्रता प्राप्तिको उद्देश्यसँग जोड्नुपर्ने तर्क गर्दै मानवीय स्वतन्त्रताको साधनको रूपमा समेत व्याख्या गरेका छन्। उनका अनुसार मानव जीवनमा अनुभूति गरिने वास्तविक स्वतन्त्रता नै विकास हो। विकासमा आर्थिक एवम् सामाजिक अवसरहरू सिर्जित हुनुपर्दछ। समाजमा सामाजिक हैसियत स्थापित हुनुपर्दछ।

» बाँकी ३ पेजमा

## मेरो मकै बारीमा

कलाधर अर्याल

मेरो मकै बारीमा
घोगाहरू लाग्दै थिए
जुँगाहरू पलाउँदै थिए
दुधे दानाहरू फस्टिँदै थिए
तर एकदिन
स्यालहरू आएर कोपर्दै थिए
बाँदरहरू उफ्रेर चिथोर्दै थिए
एक्कासि
ठुलो आँधीबेरी आएछ
मकैका बोटहरू भुइँमा लत्रेछन्
मकै कुर्न बसेका
अनेक बुख्याचाहरू
ढल्न नपाउँदै
एउटा बडेमानको
बुख्याचा ढलेछ
ठुलो आवाज लिएर
कहिल्यै उठ्न नसक्ने गरेर
सधैका लागि लम्पसार परेर
घाइते बाघझैं क्षतविक्षत भएर
युगौं अघिदेखिको
भोको स्यालझैं
निरीह, निरुपाय, निर्धो बनेर
केही दिनपछि
समयले कोल्टे फेऱ्यो
परिवर्तनको काँचुलीझैं
सुस्त सुस्त अमृतसमान जलवर्षाले
ढलेका मकैका घोगाहरू
जुर्मुराउँदै उठ्न थाले
सुगा र मैनाले मिलनका गीतहरू
गाउन थाले
आजकल
स्यालहरू पनि आउँदैनन्
हुइयाँ हुइयाँको आवाज पनि सुनिदैन
बाँदरहरूको ताण्डवनृत्य पनि
कहीं कतै देखिंदैन
बासन्ती पवनको झोक्काले
समुद्रका छालझैं
लहराइरहेका छन् बोटहरू
मेरो मकै बारीमा।

## कविता

### कर : बिगार्छ/सपार्छ

छवि ज्ञवाली

कर भनेको हठ हो
जिद्दी हो लिट्टी हो
आफ्नै लिँडेढिपी हो
यस्तै यस्तै रकमरकमका करले
देश यतिबेला समस्याको आहाल
भएको छ
बेहाल भएको छ
न हाँसको चाल
न कुखुराको चाल भएको छ।

कर भनेको हात हो
हात भनेको साथ हो
सहयोग हो
आशा र भरोशा हो
टेवा र सेवा हो
नबुझ्नेहरू हात हालाहाल गरेर
करको दुरुपयोग गरेका छन्
र व्यर्थ भएको छ
एउटा नेपाली उखान
गाई भए गोरस
भाइ भए भरोस।
हात छोड्ने प्रवृत्ति त्यागेर
कर जोड्ने संस्कृति अँगालेको भए
यो मङ्गल धरामा
जङ्गली धरापहरू फस्टाउने थिएनन्
हातलाई साथ नदिँदा
करलाई भर नदिँदा
यो देश यतिबेला
न घाट
न घर भएको छ
साँच्चै अभर भएको छ।
कर भनेको रकम हो
कूत हो राजस्व हो
शुल्क हो
सबै सन्तानले आआफ्ना
सुकर्मको कर जोडेको भए
इमानदारी र नैतिकता मोडेको भए
यतिबेला देशमा करैकरको
अर्को सगरमाथा हुन्थ्यो कर-सगरमाथा!
बेइमानहरूलाई एक्ल्याउन
इमानदार करदाताहरू
अनेक करका मूल जोड्दै
विकृतिलाई गोड्दै
अविचलित हिंडेको भए
करको बारेमा यसरी करकर गर्नै पर्थेन
मिसमास हुने थिएनन्
कोदो र तोरीहरू
दुरुस्त छुट्टिएको देख्न पाए
स्वतः मिल्थ्यो सम्मान र सजायका
फूल-माला
र
शूल-भाला।
बेअर्थ समय साटेर यतिबेला
कविता, गीत, गजल गाउनै पर्थेन
कर सप्ताहको महँगो नारा लाउनै पर्थेन
नीतिभ्रष्ट नहुने हो भने कोही पनि
गतिभ्रष्ट नहुने हो भने कोही पनि
मुलुक समृद्ध पार्ने
हाम्रो कर्तव्य, दायित्व र हिस्सा हुने थियो
हाम्रो गरिबी एकादेशको किस्सा हुने थियो।

रु.जि.हु.द.नं.१३/०६३/०६४

# स्थानीय तहमा कानुन तर्जुमासम्बन्धी एक दिने प्रशिक्षण सम्पन्न



कञ्चन । रुपन्देहीको कञ्चनमा स्थानीय तहमा कानुन तर्जुमासम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम शनिबार सम्पन्न भएको छ । लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, राप्ती उपत्का देउखुरीको आयोजनामा भएको कार्यक्रममा जनप्रतिनीधि र कर्मचारीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्रालय, राप्ती उपत्का देउखुरीका उप सचिव कृष्णप्रसाद नेपाल र सोही मन्त्रालयका कानुन अधिकृत लक्षमण भण्डारीले स्थानीय तहको ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गर्दा ध्यान दिनु पर्ने विषय, परिधि, क्षेत्राधिकार र कार्यान्वयनमा देखा पर्ने जटिलता र त्यसको निराकरणसम्बन्धी प्रशिक्षण दिएका थिए ।

लुम्बिनी प्रदेशका ५ वटा स्थानीय तहहरुको छनौटपश्चात् भएको उक्त प्रशिक्षण कार्यक्रममा स्थानीय तहको एकल अधिकार तथा प्रदेश र संघको ऐन तथा संविधानसँग नबाझिने गरी निर्माण गरिने ऐनबारे प्रयोगात्मका छलफल समेत गरि नमूना ऐनको समेत निर्माण गरी प्रस्तुतिकरण गरिएको कञ्चन गाउँपालिकाका प्रशासन प्रमुख गिरीराज अर्यालले जानकारी दिए ।

कार्यक्रममा सहभागी हुँदै कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालले स्थानीय तह सञ्चालन कार्यविधि, ऐन, कानुन र निर्देशिकाहरु निर्माण गर्नुभन्दा पहिले अध्ययन अनिवार्य रहेको विचार व्यक्त गरे । आफ्नो स्थानीय तहको कानुन कस्तो बनाउने र कानुन निर्माण गर्दै गर्दा त्यो कानुनले स्थानीय सञ्चालनमा पार्ने प्रभाव तथा असरका बारेमा विशेष ध्यान दिनु पर्नेमा जोड दिँदै अध्यक्ष ढकालले संघ र प्रदेशको ऐन, कानुन र संविधानको नियमित अध्ययन गर्ने बानीको विकास गर्न आवश्यक रहेको बताए ।

यस्तै उपाध्यक्ष मौसमी थापा मगरले कुनै पनि कानुनको निर्माण गर्दा कानुन निर्माणको अधिकार क्षेत्र, परिधि, नियम र वैधताका विषयमा ज्ञान हुन जरुरी रहेको विचर व्यक्त गरिन् । आफ्नो स्थानीय तहलाई सहजताका साथ सञ्चालनका लागि निर्माण गरिने ऐन, कानुन र कार्यविधिहरुले प्रदेश र संघसँग नबाँझिने गरी निर्माण गर्नुपूर्व विधायन समिति, कर्मचारी र जनप्रतिनिधिहरुले कानुनको अध्ययन गर्नुको विकल्प नभएको समेत उपाध्यक्ष थापा मगरले विचार व्यक्त गरिन् ।

यस्तै प्रमुख प्रशासकीय अधिकृत माधवराज पोखरेलले कुनै पनि प्रशासनिक अंग वा निकाय सञ्चालनका लागि निश्चित ऐन, कानुन र विधि आवश्यक पर्ने र त्यसको निर्माणका लागि संविधानले नै स्थानीय तहलाई अधिकार समेत प्रत्यायोजन गरेको बताए ।

कानुन निर्माण गर्नु भनेको आफूले आफूलाई अनुशासनमा राख्ने विधि र नियम भएको हुँदा सार्वजनिक पदलाई मर्यादित र सेवामूलक बनाउन कानुन जरुरी रहेको बताउँदै पोखरेलले सवल र समुन्नत कञ्चन बनाउन जनप्रतिनिधि र कर्मचारीहरुमा संविधान र कानुनको अध्ययन गर्नु पर्नेमा जोड दिए ।

कार्यक्रममा सहभागीहरुको तर्फबाट कार्यापालिका सदस्य कुमारी घर्ती र वडा नं. ५ का वडा सचिव चोलाकान्त पाण्डेले प्रशिक्षणको क्रममा प्राप्त सिकाइले आगामी दिनमा स्थानीय तहको कानुन निर्माण तथा तर्जुमा गर्दा सहज हुने अनुभव व्यक्त गरेका थिए ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, राप्ती उपत्का देउखुरीका उपसचिव कृष्णप्रसाद नेपालको अध्यक्षता, कानुन अधिकृत लक्ष्मण भण्डारीको स्वागतमा सञ्चालन भएको कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्रालय, राप्ती उपत्का देउखुरीका कम्प्युटर अपरेटर रामबहादुर गर्बुजामगरले सञ्चालन गरेका थिए । कार्यक्रम गाउँपालिकाको सभाहलमा सम्पन्न भएको हो ।

# दुई दिने निःशुल्क पाठेघर परीक्षण सम्पन्न



तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा नं. ५ को आयोजना रहेको २ दिवशिय पाठेघरको निःशुल्क चेकजाँच शिबिर सम्पन्न भएको छ । वडा नं ५ को आयोजनामा २ दिनसम्म आयोजना गरिएको शिविरमा पाठेघरको मुखसम्बन्धी क्यान्सर र स्वास्थ्य परीक्षण साथै निःशुल्क औषधी समेत वितरण गरिएको तिलोत्तमा वडा नं. ५ का सदस्य हरि पनतले जानकारी दिए ।

शिविरमा देवदह मेडिकल कलेजबाट आएका वरिष्ठ स्त्री रोग विशेषज्ञ डा. आरती श्रेष्ठले २ दिनको अवधीमा २५० बढी महिलाहरको स्वास्थ्य चेकजाँच गर्दा ८० प्रतिशत महिलाहरुमा पाठेघरसम्बन्धी समस्या देखिएको र यस्तो समस्या हुन नदिन महिलाहरु स्वयम् सचेत हुनपर्ने बताइन् ।

२ दिनको अवधिमा चेकजाँचका अलावा शिविरमा आएका महिलाहरुलाई निःशुल्क औषधी समेत वितरण गरिएको वडा अध्यक्ष रमेश डुम्रेले जानकारी दिए । यसअघि बिहीबार वडा कार्यालयमा आयोजित शिविर उद्घाटन कार्यक्रममा बोल्दै तिलोत्तमा नगरपालिकाका मेयर रामकृष्ण खाँणले स्वस्थ्य नगरपालिका बनाउन सबैको साथ, सहकार्य र अपनत्व आवश्यक पर्ने बताए ।

समापन कार्यक्रममा वडा सदस्यहरु डायमण्ड गिरि, धर्मादेवी न्यौपाने, प्रमिला सुनार, तिलोत्तमाका,स्वास्थ्य निरीक्षक रामप्रसाद ढकाल, तिलोत्तमा-५ स्वास्थ्य शाखाका प्रमुख गणेश भण्डारी, स्वास्थ्य स्वयम्सेविकाहरु, र वडा सचिव हरी खतिवडालगायतको सहभागिता रहेको थियो ।

# विद्यार्थीबिच नमूना निर्वाचन

तिलोत्तमा । कुवँरवर्तीमा नमूना निर्वाचनमार्फत् विद्यार्थी परिषद् गठन कार्यक्रम सम्पन्न गरिएको छ । रुपन्देहीको तिलोत्तमा ८ मा अवस्थित कुवँरवर्ती इग्लिस बोर्डिङ् स्कुलले शुक्रबार विद्यालय हाताभित्र कक्षा २ देखि १० सम्मका १६०० विद्यार्थी सहभागी गराई नमूना निर्वाचन सम्पन्न गरेको हो ।

विद्यार्थीहरुमा लुकेर रहेका अन्तरनिहित प्रतिभा प्रष्फुटन गराई नेतृत्व विकाशका लागी कार्यक्रमको आयोजना गरिएको विद्यालय प्रशाशनले जनाएको छ । विभिन्न पदमा ३० जना उम्मेदवारहरुले चुनावमा सक्रिय सहभागिता जनाएकोमा १० जनाले चुनाव जितेका निर्वाचन मण्डलका सहायक आयुक्त युवराज रिमालले जानकारी दिए । स्कुल लिडर १ जना, स्कुल असिष्सटेन्ट लिडर १ जना, सचिव १, सदस्य ३ तथा विभिन्न ४ सदनबाट एक एक जना गरी कुल १० जनालाई निर्वाचित गराउने प्रावधान अनुसार एक हप्ता अगाडीबाटै तयारी सुरु गरिएको रिमालले बताए ।

विद्यालयका अध्यक्ष लक्ष्मण खनालले निर्वाचनमा जित्नु मात्रै ठूलो कुरा नभएको भन्दै हारका बाबजुद पनि आफूलाई समाजमा बलियो ढंगले स्थापित गर्नु महत्वपूर्ण हुने बताए । उनले विद्यार्थीलाई हारबाट पाठ सिकेर पुनः निर्वाचनमा खडा हुने र आफूलाई अब्बल सावित गर्न के गर्न सकिन्छ भन्ने विषयमा समेत नमूना निर्वाचनले मद्दत पुर्‍याउने जनाए ।

नमूना निर्वाचन कार्यक्रममा विद्यालयका प्राचार्य दीपक खनालले विद्यार्थीहरुलाई सैद्धान्तिकभन्दा पनि व्यवहारिक शिक्षा प्रदान गर्ने उद्देश्यले यस्ता कार्यक्रम विद्यालयको वार्षिक क्यालेण्डर र पाठ्यक्रममै समेटिएको बताए ।

निर्वाचन अधिकृत गोकुल खनाल, सहायक निर्वाचन अधिकृत बाबुराम घिमिरेलगायत १० जना शिक्षक कर्मचारी निर्वाचन मण्डलको रुपमा रहेको कार्यक्रममा म्यादी प्रहरीको रुपमा पनि विद्यालयकै विद्यार्थीलाई खटाएर निर्वाचन गराइएको थियो ।

**किनेको...**

यस्तै, उच्च अदालतका न्यायाधीश सुभाष पौडेल र पुण्य शिला दवाडी घिमिरेको इजलासले २०८१ बैशाख १२ गते फैसला गर्दै जिल्ला अदालतले गरेको फैसला सदर गर्दै घरजग्गा घिमिरेकै भएको जनाएको थियो । यस्तै, सर्वोच्च अदालतका न्यायाधीय नहकुल सुवेदी र अब्दुल अजीज मुसलमानको संयुक्त इजलासले २०८१ चैत्र ८ गते श्रेष्ठ परिवारले मुद्दा दोहोर्‍याइ पाउ भनि दिएको निवेदनमा उच्चको फैसला सदर गर्दै निस्सा नै दिएन । यसपछि घिमिरेले तिनै तहबाट मुद्दा जितिसकेका छन् । तर, कार्यान्वयन नहुँदा करोडौंको सम्पत्ति प्रयोग गर्न नपाएको उनको गुनासो छ ।

'मेरो पीडाका बारेमा राज्यको सबै निकायलाई जानकारी छ । तीनै तहका अदालतबाट मेरो पक्षमा फैसला भए पनि न्याय पाउन सकेको छैन', पत्रकार सामु घिमिरेले भने-'कतैबाट पनि मेरो सुनुवाइ नभएपछि पत्रकारको शरणमा आएको हुँ ।' अदालतको फैसला कार्यान्वयन गराई घर खाली गराउन राज्यको विभिन्न निकायमा दौडधुप गरिरहेको उनले बताए । घिमिरेले भने-'उल्टै मलाई मिटरब्याजीको आरोपमा प्रहरी-प्रशसनमा उजुरी दिएर दुःख दिने काम भएको छ । विभिन्न समूहको नामबाट फोनमा ज्यान मार्नेसम्मको धम्की दिँदै आतंकित बनाउँदै आइएको छ ।'

अदालतको फैसलाको कार्यान्वयन गरी घर खाली गराउन प्रशासन र स्थानीय पालिकाले गरेको प्रयाशलाई विभिन्न समूहले अवरोध गरी बिफल बनाउँदै आएको उनले जनाए । उनले केही महिनाअघि माओवादी विप्लव समूह, दुर्गा प्रसाईं समूहको नामबाट आफूलाई फोन गरेर डर, धाक र त्रास देखाउने गरेको उनले सुनाए । विभिन्न दलका नेताले समेत आफूलाई फोन गरेर डर, धाक र त्रास देखाउने गरेको उनले बताए । आफू असुरक्षित भएपछि शान्ति सुरक्षाको माग गर्दै बिहीबार जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा निवेदन दिएको उनले बताए ।

'अदालतको फैसलादेखि सम्पूर्ण कागजात र प्रमाण मेरै पक्षमा भएर पनि मैले मेरै स्वामित्त्वको सम्पत्तिको उपभोग गर्नदेखि वञ्चित हुँदै आएको छु', घिमिरेले भने-'अब न्याय माग्न म कहाँ जाउ ? ।' उनले घरबहाल कर, सम्पत्ति करलगायत सबै आफैँले तिरिरहेको सुनाए । घर खाली गराउन तिलोत्तमा नगरपालिकाले समेत प्रयास गरेको थियो । श्रेष्ठ परिवारको अवरोधले सकेको छैन । आरोपित विमलाकुमारी श्रेष्ठले भने घिमिरेले आफूसँग लिनु पर्ने रकमभन्दा धेरै रकम उच्च ब्याज दरमा असुली गरेको दाबी गरिन् ।

**धनको...**

यस्तो प्रकारको अवसरलाई आर्थिक, राजनीतिक, सामाजिक, आधारभूत शिक्षा एवम् स्वास्थ्य सेवा र गुणस्तरीय जीवनयापनले प्रभावित तुल्याएको हुन्छ । यसर्थ यी सबैको समष्टिगत पक्ष नै विकास हो । सेन लेख्छन्–

“विकासलाई मानिस रमाउने वास्तविक स्वतन्त्रता विस्तार गर्ने प्रक्रियाको रूपमा परिभाषित गर्न सकिन्छ । अर्थात्, विकास भनेको मान्छेलाई सीमित अवसरमा बाँच्न विवश पार्ने सबै प्रकारका अस्वतन्त्रता हटाउने प्रक्रिया हो ।“

मानवीय स्वतन्त्रताले व्यक्तिमा अन्तर्निहित क्षमता (क्यापसिटी) अभिवृद्धिका लागि मद्दत गर्दछ । त्यस्तो क्षमताको वृद्धि नै साँचो अर्थमा विकास हो । सेनका अनुसार यस्तो मानवीय क्षमता वृद्धिलाई प्रभाव पार्ने प्रमुख पाँच अधिकार एवम् अवसर रहेका हुन्छन् । ती हुनः (१) राजनीतिक स्वतन्त्रता (२) आर्थिक सुविधा (३) सामाजिक अवसरहरू (४) पारदर्शिताको सुनिश्चितता (५) सुनिश्चित सुरक्षा । यी केही पृथक् तर एकअर्कामा अन्तरसम्बन्धित अधिकारहरूले व्यक्तिको क्षमता अभिवृद्धिमा प्रभाव पारेका हुन्छन् । जस्तैः अभिव्यक्ति स्वतन्त्रता र आवधिक निर्वाचनको रूपमा अभिव्यक्त हुने 'राजनीतिक स्वतन्त्रता' ले आर्थिक सुरक्षा प्रवर्द्धनमा मद्दत गर्दछ । त्यसै गरी शिक्षा र स्वास्थ्य सेवामा पहुँचको रूपमा रहेको 'सामाजिक अवसर' ले आर्थिक सहभागिता सुनिश्चित गर्दछ र व्यापार व्यवसाय तथा उत्पादनमूलक कार्यमा हुने सहभागितामा आधारित आर्थिक सुविधाले व्यक्तिगत स्तर उकास्न र सामाजिक उपभोगका लागि सार्वजनिक स्रोतको परिचालन गर्न मद्दत गरेको हुन्छ ।

विकासको परिभाषाले धनको सिर्जना र सञ्चिति, आर्थिक वृद्धि एवम् कुल राष्ट्रिय उत्पादन तथा अन्य आम्दानीमुखी गतिविधिबाहिरको सामाजिक, राजनीतिक एवम् पर्यावरणीय पक्षहरूको सन्तुलनमा समेत जोड दिएको हुन्छ । तर, हामीले विगतमा विकासलाई जसरी ग्रहण गर्यौं, त्यसमा त्रुटि देखियो । विकासलाई परिवर्तनको एक बृहत् प्रक्रियाको रूपमा भन्दा पनि एउटाले दिने र अर्कोले लिने वस्तुको रूपमा ग्रहण गर्यौं । विगतदेखि नै विकासका लागि भएगरेका सबै अभ्यास राज्यले बनाइदिने वस्तु, भौतिक सम्पदा एवम् जनताका लागि दिइने केही उपहारजन्य वस्तुको रूपमा सीमित भयो ।

डा. देवेन्द्रराज पाण्डे पनि नेपालको विकास प्रक्रियामा त्यही स्रोत साधनको वितरण र बाँडफाँडमा समस्या देख्छन् । किनकि, त्यस्तो स्रोत साधनको बाँडफाँड न्यायोचित हुन सकेको छैन भने त्यसमा समाजका कमजोर, अशक्त एवम् पछाडि पारिएका व्यक्ति तथा समुदायको पहुँच पुग्न सकेको छैन । नेपालको विकास प्रक्रियाले मान्छे होइन, दाता र तिनको अपरिभाषित अभीष्टलाई मात्रै चिन्ने गरेको छ । त्यसैले उनले आजभन्दा करिब तीन दशकअघि नै नेपालको विकासलाई असफल विकासको संज्ञा दिएका थिए ।

उनकै असफल विकासको परिभाषालाई जोड दिँदै लेखक युग पाठकले आफ्नो पुस्तक 'माङ्गेना : नेपाल मन्थन'मा नेपालमा विकासको अवधारणा विदेशी दाताले ड्ड भित्र्याइदिएको जनाउँदै विकासको दर्शन नै असफल भएको तर्क गरेका छन् ।

उनी लेख्छन्–“...सात सालपछि विकास शब्दले एउटा नयाँ अर्थ पायो र सत्ताधारीहरूको बलियो हतियार पनि बन्यो । तर, त्यसले सीमान्तीकृत किसान/गरिब जनता र कुलीन वर्गबीचको भेद तोड्न सकेन । फलस्वरूप विकास कुलीन वर्गकै स्वर्ग सजाउने गलैंचा बन्यो । राज्यको संरचनागत फाइदा कसले प्राप्त गर्छ भन्ने राजनीतिक प्रश्न यहीं सार्थक हुन्छ । वैदेशिक सहायताले जब कुलीनतन्त्रलाई नै बलियो बनायो, स्वभावतः संरचनात्मक विभेद झन् गहिरिएर गयो । नेपालमा असफल भएको वास्तवमा विकास होइन, विकासको दर्शन हो । विकास कुनै शक्तिशाली राष्ट्र वा विश्व बैङ्कको दान अथवा कुनै 'वीर पुरुष' को चमत्कारले ल्याउने चिज होइन, जनताको शक्तिद्वारा मात्र गर्न सकिन्छ ।”

सन् १९४० को दशकको अन्त्यतिर तत्कालीन राणा प्रधानमन्त्री मोहन शमशेरले अगाडि सारेको योजनाबद्ध विकासको खाका तयार गर्ने सन्दर्भमा नेपालको अध्ययनका लागि निम्त्याइएका भूगर्भविद् स्वीस नागरिक टोनी हागनले करिब एक दशक लगाएर नेपालको अध्ययन गरे । उनले आफ्नो कार्यादेशअनुरूपको योजना मात्र तयार गरेनन्, किन्तु नेपालका नखुलेका पाटाहरूबारे विश्व जगत्सामु उजागर गरे । वास्तवमा उनका अध्ययन प्रतिवेदनहरू नै नेपालका प्रामाणिक भौगोलिक इतिहास बन्न पुगे ।

तिनै हागनले आफ्नो अध्ययन प्रतिवेदनमा स्वीट्जरल्यान्डको आर्थिक उन्नतिको सफलताको पछाडि स्वतन्त्रता र विकेन्द्रीकरण (सङ्घीयता) को योगदान रहेको कुरालाई उल्लेख गरेका छन् । उनले आफ्नो पुस्तक 'विकेन्द्रीकरण र विकास' (नेपाली अनुवाद) मा स्वीट्जरल्यान्डले हासिल गरेको आर्थिक उपलब्धिका कारणहरूबारे उल्लेख गरेका छन् । साथै त्यसबाट नेपालले सिक्न सक्ने पाठबारे पनि विवेचना गरेका छन् ।

हागनले सहभागितामूलक विकासको अवधारणाबारे विमर्श गर्दै स्वीट्जरल्यान्डले अवलम्बन गरेको सङ्घात्मक व्यवस्था र त्यहाँ उपलब्ध सहकार्यात्मक राजनीतिक प्रणाली तथा विकेन्द्रीकरणको नीतिले स्वीट्जरल्यान्डलाई आर्थिक क्षेत्रमा तरक्की गर्न मद्दत गरेको बताएका थिए ।

उनको विचारसँग सहमत हुँदै भूगोलविद् डा. हर्क गुरुङले उक्त पुस्तकको नेपाली संस्करणको भूमिकामा राजनीतिक प्रणाली र त्यसले दिने स्वतन्त्रताले कुनै पनि मुलुकको आर्थिक विकासको अवस्था निक्यौल गर्ने तर्क गर्दै स्वीट्जरल्यान्डको आर्थिक विकासको अध्ययन गर्दै गर्दा त्यहाँको लोकतान्त्रिक व्यवस्था र राजनीतिक पद्धतितर्फ पनि विचार पुर्‍याउनुपर्ने धारणा व्यक्त गरेका थिए । उनले लेखेका छन्–“वास्तवमा कुनै पनि मुलुकको सामाजिक-आर्थिक विकास त्यस मुलुकको राजनीतिक पद्धतिले निर्धारण गर्दछ । स्वीट्जरल्यान्डको राजनीतिक सामर्थ्य तीन मूलभूत कुराहरूमा आधारित छ- सत्ताको साझेदारी, सङ्घीयता र प्रत्यक्ष प्रजातन्त्र । प्रजातान्त्रिक नेपालको अर्थमन्त्रीको रूपमा सुवर्ण शमशेर स्वीट्जरल्यान्डको भ्रमणमा गएका थिए । उनले त्यहाँ जलविद्युत् आयोजनाहरूको अवलोकन त गरे, तर तीमाथि रहेको स्वीस क्यान्टोनहरूको पकडलाई भने बुझ्न सकेनन् ।”

त्यसै गरी स्वीस विकासशास्त्री गिल्बर्ट रिस्टले 'द हिस्ट्री अफ डेभलपमेन्ट : फ्रम वेस्टर्न ओरिजिन्स टु ग्लोबल फेथ' नामक पुस्तकमा विकासले बृहत् विनिमय र प्रभावकारी मागमार्फत वस्तु तथा सेवाको उत्पादन बढाउने पक्षलाई जोड दिने उल्लेख गरेका छन् । उनले विकासलाई त्यस्तो अभ्यासको रूपमा परिभाषित गरेका छन्, जसले प्राकृतिक वातावरण र सामाजिक सम्बन्धहरूको रूपान्तरण र उपयोगमा जोड दिएको हुन्छ । अर्थात्, यस खण्डको सुरुआतमा भनिएजस्तो विकासको अभ्यासले उत्पादन र विनिमयमार्फत्'धनको सिर्जना' लाई जोड दिएको हुनुपर्छ ।

ऐतिहासिक कालदेखि नै नेपाली समाजको प्रमुख विरोधाभास त्यही 'धनको सिर्जना' कि 'धनको स्थानान्तरण' भन्ने रह्यो । यसैको अन्तरविरोधमा नेपाली समाज फसेको देखिन्छ । नेपालमा प्रचलित विकासको सङ्कथन, सिद्धान्त र अभ्यास मूलतः यही 'स्थानान्तरण वा सिर्जना' भन्ने विवादमा कचल्टिएको छ । आर्थिक वृद्धिका लागि 'धनको सिर्जना' अपरिहार्य हुन्छ, 'स्थानान्तरण' होइन । तर, मूलतः निर्वाहमुखी व्यवहारमा रमाएको नेपाली समाजले 'धनको सिर्जना'लाई कहिल्यै जोड दिएन ।

वर्तमानमा भने नेपाली समाजले 'स्थानान्तरण' लाई नै 'सिर्जना' बुझिरहेको छ । त्यसैले दैनिक जीवन व्यवहारमा सिर्जनाको होइन, धन स्थानान्तरणकै चर्चा हुन्छ । समाजका मार्गदर्शक र अगुवा तिनै व्यक्तिहरू छन्, जसको त्यही 'धनको स्थानान्तरण' बाट वर्गोत्थान भयो । इतिहासमा बाउबाजेले चाकडीमार्फत पाएका बिर्ता जमिनको स्वामित्व हस्तान्तरण हुँदै धनी र प्रतिष्ठित बनेको पुस्ताले राईंदाईं गरेको समाजमा इलम-उद्यमबाट धनको सिर्जनाले स्थान नपाउनु कुनै अनौठो भने होइन ।

त्यसैले इतिहासदेखि नै हाम्रो समाज धनको सिर्जनासँग सम्बन्धित इलम-उद्यम, पेसा व्यवसायसँग जोडिन सकेको देखिँदैन । नवउदारवादको अवधारणासँगै विकसित मुलुकबाट अविकसित मुलुकमा 'धनको स्थानान्तरण' को सवाल सघन रूपमा उठ्यो ।

तर, केवल धनको स्थानान्तरणले मात्रै तेस्रो विश्वको गरिबी र अभावको अन्त्य भई विकासपथमा पक्कै पनि लम्कने थिएन । वास्तवमा नवउदारवादले तेस्रो विश्वको विकासको नाउँमा अगाडि सारेको अवधारणाभित्र ती अल्पविकसित मुलुकहरूमा 'धनको सिर्जना' भन्दा पनि 'स्थानान्तरण' लाई नै जोड दिइँदा ती मुलुकका लागि सान्दर्भिक भएनन् र नै यथोचित विकासको गति अघि बढ्न सकेन ।

(विश्लेषक कार्कीको हिजो काठमाडौंमा विमोचित पुस्तक 'अर्थदृष्टिः अल्पविकासको अर्थ राजनीति' पुस्तकको अंश)

## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सुचना ।

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०२/१० गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.न १८४८ मितिः२०८१/०९/२८ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. ३९५८ मितिः २०८२/०२/०२ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दी मा रहेका खयर, कुसुम, असना जातका कुल जम्मा गोलिया थान ३१७ को ३२६.८६ क्यू.फिट काठ तथा साल मिश्रितजातको १चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका सःमिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिन भित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिकमा टाँस गरिएको छ ।

**श्री पार्वतीपुर हरियाली सामुदायिक वन उपभोक्ता समूह ।**

कोहलपुर-१४, जानकी-०६, बाँके

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# तीनकुने घटनाको प्रतिवेदन बुझाइयो



बुटवल । गत चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको राजावादी प्रदर्शनका क्रममा पक्राउ परेकाहरूविरुद्धको अनुसन्धान सकेर प्रहरीले प्रतिवेदन बुझाएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले करिब दुई महिना लामो अनुसन्धान सकेर प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयमा बुझाएको हो ।

प्रहरीको अनुसन्धान फाइल अध्ययन गरेपछि कसलाई के मुद्दा लगाउने भन्ने यकिन गरेर आइतबार मुद्दा दर्ता हुनेछ ।

यो घटनामा १ सय ८ जनालाई प्रतिवादी बनाउनुपर्ने रायसहितको फाइल प्रहरीले सरकारी वकिल कार्यालयलाई बुझाएको छ । पक्राउ परेकाहरूलाई कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, राजद्रोहको कसुर, आपराधिक उपद्रव, संगठित अपराधलगायतको मुद्दा चलाउनुपर्ने राय प्रहरीले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

प्रहरीको उक्त अनुसन्धान प्रतिवेदन अध्ययन गरेपछि कसलाई कस्तो मुद्दा चलाउने, को-को प्रतिवादी हुने भन्ने यकिन टुंगो भने सरकारी वकिल कार्यालयले लगाउनुपर्ने छ । संगठित अपराधको कसुरमा पक्राउ परेको मितिले ६० दिनभित्र मुद्दा अदालतमा पुगिसक्नु पर्नेहुन्छ । १५ जेठ अघि नै काठमाडौं जिलला अदालतमा मुद्दा दर्ता गरिसक्नुपर्ने हुन्छ । जसकारण आइतबार मुद्दा दर्ता गरिने सरकारी वकिल कार्यालयले जनाएको छ ।

मुद्दा चलाउनु पर्ने राय दिइएकामध्ये अहिले ५३ जना हिरासतमा छन् । बाँकी केही पक्राउ पर्न बाँकी छन् भने केहीलाई भने हिरासत बाहिरै राखेर अनुसन्धान गरिएको छ ।

जसमध्ये राप्रपा महामन्त्री धवलशमशेर राणा, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलगायत भाटभटेनीका फलफूल टिप्ने केहीलाई भने हाजिरी जमानीमा हिरासत बाहिरै राखेर अनुसन्धान गरिएको छ । अदालतमा मुद्दा पुगेपछि उनीहरूलाई अदालतमा उपस्थित गराउने प्रहरीको तयारी छ ।

१५ चैत २०८१ राजसंस्था पक्षधरहरूले प्रदर्शन गरेका थिए । उक्त प्रदर्शनको कमाण्ड भने विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंले गरेका थिए । प्रदर्शन हिंसात्मक बनेको थियो ।

हिंसात्मक प्रदर्शनको राति नै काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद राणा र वरिष्ठ उपाध्यक्ष मिश्रलाई पक्राउ गरेको थियो ।

ग्वार्कोस्थित बीएण्डबी अस्पतालमा उपचाररत प्रदर्शनका घाइते भेटेर फर्कने क्रममा राप्रपाका वरिष्ठ उपाध्यक्ष मिश्र र सांसद राणा पक्राउ परेका थिए । मुख्य कमाण्डर भनिएका प्रसाईंलाई भने भारतबाट पक्राउ गरेर लयाइएको थियो ।

ठूलो संख्यामा प्रतिवादी बन्ने भएपछि परिसरले थप चार युनिटबाट अनुसन्धान अधिकृत मगाएर अनुसन्धान गरेको थियो । यो घटनाको अनुसन्धानका लागि प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभाग, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय रानीपोखरी, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकु र जिल्ला प्रहरी परिसर ललितपुरबाट थप टोली मगाएर अनुसन्धान गरेका थिए ।

## प्रदेशस्तरीय यु-१६ क्रिकेट:

# उद्घाटन खेलमा रूपन्देहीको जित




भैरहवा । भैरहवामा लीला सेन्चुरी मेमोरियल यु-१६ लुम्बिनी प्रदेशस्तरीय क्रिकेट प्रतियोगिता सुरु भएको छ । लुम्बिनी प्रदेश क्रिकेट संघको आयोजना र रुपन्देही क्रिकेट संघको समन्वयमा शुक्रबारदेखि सुरु प्रतियोगिताको उद्घाटन खेलमा समीर अली मुसलमानको शतकीय पारीमा रुपन्देही जिल्ला विजयी भएको छ । रुपन्देहीले नवलपरासी जिल्लालाई २ सय ७१ रनको फराकिलो अन्तरले हराउँदै सानदार जित निकालेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको रुपन्देहीले निर्धारित ३५ ओभरको खेलमा ३३ ओभर ३ बलमा अलआउट हुँदै ३ सय १६ रनको उच्च योगफल बनायो । उसका लागि समीर अली मुसलमानले ७० बलमा १७ चौका र एक छक्काको मद्दतमा १ सय १८ रनको शतकीय पारी खेले । यस्तै, सिद्धार्थ ढकालले ५५, आरिफ खानले ४३, रोजन कुमालले ३८, लक्ष्मण कुमालले अविजित १८ र सुजन रानाभाटले १४ रन बनाए । बलिङमा नवलपरासीका प्रेमसागर यादवले ४, विष्णु ठठेर र सागर पाण्डेले २-२ तथा आर्यन अलीले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको नवलपरासी १६ ओभरमा अलआउट हुँदै जम्मा ४५ रनमै समेटियो । उसका लागि प्रेमसागर यादवले १३ र आरोनजंग गिरीले १२ रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् । बलिङमा रुपन्देहीका लक्ष्मण कुमाल, प्रिन्स पाल र तुसार चौहानले समान २-२ तथा सोइब हसन मुसलमान र सुप्रिम कंडेलले १-१ विकेट लिए । खेलमा रुपन्देहीका समीर अली मुसलमान प्लेयर अफ द म्याच घोषित भएको प्रदेश क्रिकेट संघका सदस्य एवं खेल संयोजक प्रथम पराजुलीले बताए ।

राष्ट्रिय यु-१६ क्रिकेट प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोट गर्न प्रतियोगिता आयोजना गरिएको हो । प्रतियोगितालाई भैरहवाका व्यवसायी किसन विकले आफ्नी स्वर्गीय श्रीमती लीला सेन्चुरीको नाममा मुख्य प्रायोजन गरेका छन् । प्रतियोगितामा रुपन्देही, पश्चिम नवलपरासी, पाल्पा, कपिलवस्तु, दाङ, बाँके र बर्दियाका टिम सहभागी छन् । जेठ १६ गतेसम्म चल्ने प्रतियोगिता भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदान र तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानामा चल्नेछ ।

प्रतियोगिता उद्घाटन समारोहमा बोल्दै सिद्धार्थनगर नगरपालिका उपप्रमुख उमा अधिकारी, लुम्बिनी प्रदेश क्रिकेट संघका कार्यबाहक अध्यक्ष विनय राजभण्डारी, रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापा, खेल संयोजक प्रथम पराजुलीलगायतले बोल्दै यस्ता प्रतियोगिताले खेलाडी उत्पादनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# उत्कृष्ट कृषकलाई सम्मान



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा चार जना उत्कृष्ट कृषकलाई सम्मान गरिएको छ । कृषिज्ञान केन्द्र नवलपरासीले जिल्लाको कृषि विकासको क्षेत्र उल्लेखनीय योगदान पुऱ्याएको भन्दै चार जना उत्कृष्ट कृषकहरूलाई नगदसहित सम्मान गरेको हो ।

कृषि ज्ञानकेन्द्रले आर्थिक वर्ष २०८१ र ०८२को वार्षिक स्वीकृत कार्यक्रमअनुसार चार जना उत्कृष्ट कृषकहरूलाई नगदसहित दोसल्ला ओढाएर सम्मानपत्रले सम्मान गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख डा. रवीन्द्रनाथ चौबले बताए ।

उनका अनुसार तीन जनालाई ५ हजारका दरले नगदसहित दोसल्ला ओढाएर सम्मान गरिएको र एक जनालाई सर्वोत्तम उत्कृष्ट कृषकका रूपमा १० हजार नगदसहित दोसल्ला ओढाएर जिल्ला समन्वय समितिका प्रमुख भगौतीप्रसाद रूदल यादवले सम्मान गरेको गरिएको हो ।

सर्वोउत्कृष्ट बन्न सफल भएका प्रतापपुर गाउँपालिकाको वडा नं. ५ कृषक रामजीसिंह क्षेत्री र पाल्हीनन्दन वडा नं. ३ का तारेन्द्र बर्मा, पाल्हीन्दन वडा नं. ५ का बेचनप्रसाद मौर्य र सुनवल नगरपालिका वडा नं. ५ का कृषक एकनारायण सुवेदीलाई सम्मान गरीएको कृषि ज्ञान केन्द्र परासीले जनाएको छ ।

सम्मान गर्दै समन्वय प्रमुख यादवले कृषि तथा पशुपालनबाट प्राप्त गरेको 'उत्कृष्ट' उपाधिलाई कायम राख्दै पेसालाई आगामी दिनमा थप निरन्तरता दिन सुझाव दिनुपर्नेमा जोड दिए ।

त्यस्तै कृषि ज्ञान केन्द्रले स्थानीय तहुंग योजना तर्जु गोष्ठी पनि गरेको छ । उनीहरूले वितरण मुखीभन्दा उत्पादन मूलकमा बजेट ल्यानुपर्नेमा जोड दिएका थिए । किसानले उत्पादन गरेको बस्तुहरू बजारीकरण गर्न मलको व्यवस्था मिलाउने खालको बजेट ल्याउन उनीहरुले सुझाव दिए । किसानहरूको माटो परीक्षण गरी व्यवस्थापनतर्फ ध्यान दिने कार्यतर्फ सबै सचेत हुन जरुरी रहेको छ ।

# यो वर्ष डेंगु संक्रमण बढ्ने

बुटवल । यसपटक सरदरभन्दा बढी बर्खा हुने भएपछि डेङ्गी सङ्क्रमणसमेत बढ्ने प्रक्षेपण गरिएको छ ।

जल तथा मौसम विज्ञान विभागले यसपटक मनसुनमा सरदरभन्दा बढी पानी पर्ने भनेपछि डेङ्गी सङ्क्रमणको जोखिम पनि बढ्ने इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

महाशाखाका कीटजन्य रोग शाखा प्रमुख डा.गोकर्णप्रसाद दाहालले भने-'गत वर्षको तुलनामा हाल कम सङ्क्रमण देखिएको छ तर यस वर्ष मौसम विभागले धेरै नै पानी पर्ने भनेको छ । त्यसले सङ्क्रमणको जोखिम बढाउने छ ।'

पानी धेरै पर्दा जम्मा हुने पानीमा डेङ्गी सार्ने लामखुट्टे फस्टाउने भन्दै उनले सतर्कता अपनाउन सबैलाई आग्रह गरे । दाहालले पानी सङ्कलन हुने टायर, गमला जस्ता ठाउँ हालैदेखि व्यवस्थापन गर्नुपर्नेमा जोड दिए ।

उनका अनुसार पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल निस्किने लार्भा वयस्क भएपछि त्यसले टोकेमा डेङ्गु रोग लाग्ने गरेको छ ।




शाखा प्रमुख डा.दाहालले पुस १७ देखि हालसम्म ७१ जिल्लामा एक हजार ८१ जनामा सङ्क्रमण देखिएको र पाँच जनाभन्दा बढी सङ्क्रमण भएका ३० स्थानीय तहमा सङ्क्रमण रोकथाम र नियन्त्रण गर्न पत्राचार गरिएको जानकारी दिए ।

सन् २०२४ मा डेङ्गी सङ्क्रमण ७६ जिल्लामा फैलिएको थियो भने १५ जनाको मृत्यु र ४१ हजार ८६५ जना सङ्क्रमित भएका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

मानव बेचविखन जन्य कार्यहरु
-मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने ।
-मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने ।
-कुनै प्रकारको फाइदा लिई वा नलिई बेश्यावृत्तिमा लगाउने ।
-प्रचलित कानून विपरीत मानव अंग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गरौं ।
-बेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानून बमोजिम कारबाही हुन्छ ।
यस्तो कार्य भए, गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही





विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५२०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com